# तपाईंले जूरी (पञ्चायत) सेवाको बारेमा...के थाहा पाउनुपर्छ

**३/१७/२०१४ मा संशोधन गरिएको**

## जूरी (पञ्चायत) सेवा किन धेरै महत्वपूर्ण छ?

हाम्रो कानूनी प्रणालीमा जूरी-सदस्य एकदमै महत्त्वपूर्ण व्यक्ति हो किनभने हाम्रा सङ्गी-नागरिकहरूले गरेको विवाद समाधानबाट अदालतमा निष्पक्ष र न्यायसंगत नतिजा प्राप्त हुन्छ भन्ने मान्यतामा हाम्रो न्याय प्रणाली आधारित छ। हेमीमध्ये थोरै अदालतमा वादी वा प्रदिवादीको रूपमा जानुपर्छ, तर जब हामी यसरी जानुपर्छ, असल, इमान्दार व्यक्तिहरूले सबूतहरूलाई सुनेको र हाम्रो मुद्दालाई न्यायोचित तरिकाले निर्णय गरेको हामी चाहान्छौं।

त्यसैले, जब हामी जूरीमा सेवा दिनको निम्ति बोलाइन्छौं, सामूहिक बोलावटलाई सम्मान गर्न र अदालतमा हाजिर हुनको निम्ति हाम्रा सङ्गी-नागरिकहरू प्रति हामीसँग दायित्व हुन्छ। केही मुद्दाहरू अन्यभन्दा महत्त्वपूर्ण हुनसक्छन्, तर संगल्न पक्षहरूका निम्ति, उक्त मुद्दा जीवन परिवर्तन गर्ने प्रकारको हुनसक्छ, र तिनलाई इमान्दार र निष्पक्ष जूरीद्वारा निर्णय गरिन योग्य हुन्छ।

## जूरी-सदस्यहरू को हुन्?

ओहिओमा, जूरी सेवाको लागि व्यक्तिहरूको छनौट, दर्ता गरिएको मतदाताहरूको सूचीबाट वा मतदाताहरूको सूची र अदालतले सेवा दिने प्रान्त तथा सहरमा वसोवास गर्ने सवारीसाधन प्राप्त सवारीचालकहरूको सूचीको संयुक्त सूचीबाट घुलमेल रूपमा छनौट गरिन्छ। जूरी परीक्षहरू संयुक्त राज्य जिल्ला अदालतहरू, हरेक प्रान्तको आम स्थान, नगरपालिका अदालत, प्रान्तिय अदालत र कहिलेकहीं, जुभिलाइन वा प्रोबेट अदालतहरूमा संचालन गरिन्छ। ओहिओमा, जूरी सदस्यहरूका निम्ति योग्यता हरेक वर्ष समायोजित गरिन्छ।

## जूरी सदस्य हुनको निम्ति के-कस्ता मापदण्डहरू छन्?

जूरीमा सेवा गर्नको निम्ति, निश्चित अदालतले सेवा प्रदान गर्ने भौगोलिक क्षेत्रको सदाशयी निवासी हुनुपर्छ। ओहिओ जूरी-सदस्यहरू कम्तीमा पनि १८ वर्ष उमेर पुगेका हुनुपर्छ र तिनीहरू, केही प्रकारका अपराध गरेका कारण दोषी भई जूरीमा सेवा गर्ने अधिकार गुमाएको हुनुहुँदैन (वा गुमाएको भए ती अधिकारहरू पुर्नस्थापना गरिएको हुनुपर्छ)। त्यो योग्यता पुगेका हरेकलाई, उमेर (कम्तीमा पनि १८ वर्ष पुगेको भए), जात, वर्ण वा व्यवसाय जस्तोसुकै भए पनि जूरी-सदस्य हुने अवसर प्रदान गरिन्छ।

**के जूरी सेवाको निम्ति मैले छूट पाउन सक्छु?**

निम्न व्यक्तिहरू जूरी सेवाको निम्ति छूट पाउन सक्छन्: भूमिगत धार्मिक समूहको सदस्य; मस्तिष्क र शारीरिक अवस्थाका कारण जूरी सेवा प्रदान गर्न नसक्ने देखिने व्यक्तिहरू, आफ्नो पति/पत्नी वा नजिकको नातेदार गम्भीर बिरामीमा परेको वा भर्खरै मृत्यु भएको व्यक्ति, जूरी सेवाका कारण आफैलाई वा उनको हेरचहारमा रहेको व्यक्तिलाई अत्यन्तै गहन शारीरिक वा आर्थिक समस्यामा पार्छ, वा जूरीमा सेवा गरेका कारण हानीमा पर्न सक्ने र समुदायलाई हानी गर्न सक्ने; ७५ वर्षभन्दा माथि उमेर भएका व्यक्तिहरू; अमिश समूहको सदस्यहरू; र हाल सक्रिय काममा रहेको सैन्य शक्तिको सदस्यहरू। तपाईं यीमध्येका एउटा वर्गमा पर्नुभए तापनि, अदालतले तपाईंको छूट कारणलाई अनुमोदन गर्नैपर्छ। यदि अदालतले तपाईंलाई छूट दिन्छ भने, अर्को वर्षको जूरी छनौटमा तपाईं योग्य बन्न सक्नुहुन्छ। तपाईंको जूरी सेवा स्थगित गर्नको निम्ति पनि तपाईंले अनुरोध गर्न सक्नुहुन्छ। छूट वा सेवा स्थगितताको बारेमा अनुरोध गर्नको निम्ति, तपाईंले आफू सहभागी हुनुपर्ने तोकिएको सेवाभन्दा (बिदाको दिनबाहेक) दुई दिन पहिले अदालतलाई सम्पर्क गर्नैपर्छ।

**जूरी-सदस्यको रूपमा मेरो बोलावटलाई मैले बेवास्ता गरेँ भने वा त्यतिकै उपस्थित भइनभने के हुन्छ?**

अदालतबाट गरिएको बोलावट भनेको आदेश हो। यदि तपाईंले यसलाई बेवास्ता गर्नुभयो भने, अदालतले तपाईंलाई पक्राउ गर्न पक्राउ पुर्जी जारी गर्न सक्छ र अदालतको अवहेलना गरेको र अन्य प्रतिबंधहरूका निम्ति तपाईं सजाय दिनसक्छ। त्यसैले, जूरी सेवा छूट वा स्थगित गर्न अनुरोध गर्नको निम्ति विकल्पहरूको छलफल गर्नको निम्ति तपाईंले अदालतलाई सम्पर्क गर्नैपर्छ।

**मेरो जूरी सेवाको निम्ति मलाई पारिश्रामिक दिइन्छ?**

जूरी-सदस्यहरूलाई तिनीहरूले गरेको हरेक दिनको निम्ति पारिश्रामिक दिइन्छ। अदालत अनुसार पारिश्रामिकको रकम फरक हुन्छ। केही अदालतहरूले जूरी-सदस्यहरूका निम्ति निशुल्क पार्किङ सेवा पनि प्रदान गर्छन्। कानून अनुसार, यदि तपाईंले तपाईंको जूरी बोलावट र तपाईं अनुपस्थित हुनको वास्तविक कारण जूरी सेवा भएको कुरा न्यायसंगत रूपले पहिले नै जानकारी दिनुभएमा तपाईंले जूरी-सदस्यको रूपमा सेवा गरेको कारण तपाईंलाई तपाईंको रोजगारदाताले कामबाट निकाल्न वा कामबाट निकाल्ने डर-धम्की दिन सक्दैन।

**फरक प्रकारका जूरीहरू के के हुन्?**

धेरै जसो जूरी-सदस्यहरूलाई *पेटिट जूरीमा* सेवा दिनको निम्ति छनौट गरिन्छ, त्यस्तो जूरी जसले निश्चित मुद्दाको सुनुवाइ गर्छ र त्यसमा निर्णय गर्छ। कसूर समावेश रहेको (अझै गम्भीर प्रकारको अपराध) आपराधिक

मुद्दाको निम्ति, कानून अनुसार १२ जूरी-सदस्यहरू आवश्यक पर्छ। नागरिक मुद्दाको निम्ति आठ जूरी-सदस्यहरू मात्र चाहिन्छ। नगरपालिका वा प्रान्तिय अदालतमा, दुराचार (कम गम्भीर प्रकारको अपराध) लाई ल्याइएको मुद्दामा, आठ जूरी-सदस्यहरू हुन्छन्। यदि मुद्दाको अवधि एक दिनभन्दा बढी समय रहने भएमा कुनै जूरी-सदस्यलाई छूट चाहिएमा वैकल्पिक जूरी-सदस्य छनौट गर्न सकिन्छ।

पेटिट जूरीमा भन्दा फरक, *ग्राण्ड जूरीले* कथित अपराध (सामान्यतया गम्भीर अपराधहरू) लाई सुनुवाइ गर्छ, र व्यक्तिलाई अभियोग लाउन *सकिन्छ कि सकिदैन* वा अपराध गर्ने प्रयास गरेको हो कि होइन त्यसको निर्णय मात्र गर्दछ। पेटिट जूरीमा भन्दा फरक, ग्राण्ड जूरीले दोषी वा निर्दोष भनी निर्णय गर्दैन। यदि तपाईं ग्राण्ड जूरी सेवाको निम्ति छनौट हुनुभएको छ भने, केही साना प्रान्तहरू, ग्राण्ड जूरीको काम तीन वा चार महिनाको अवधिमा महिनाको एक वा दुई पटक मात्र हुने भए तपानि, तपाईंले पेटिट जूरीमा सेवा गरेको समय अवधिभन्दा यसमा तपाईंको सेवा लामो हुनेछ।

**जूरी-सदस्यले कति लामो समयसम्म सेवा गर्नै पर्छ?**

अदालत अनुसार फरक पर्छ, तर तपाईंलाई कम्तीमा पनि एकदेखि तीन हप्ताको अवधिमा सेवाको निम्ति *बोलाइन सक्छ।* त्यो सेवा अवधिमा एकभन्दा बढी मुद्दाहरू हुनसक्छ अथवा एउटै पनि नहुन सक्छ। केही अदालतहरूमा टेलिफोन सन्देश प्रणाली हुन्छ, यसले जूरी-सदस्यलाई, तिनीहरूलाई अर्को दिन बोलाइन्छ कि बोलाइन्न भनी जानकारी दिइन्छ, र केही अदालतहरूले आवश्यकता अनुसार जूरी-सदस्यहरूलाई टेलिफोन सम्पर्क गर्छन्।

जूरी मुद्दा पहिलो वा दोस्रो दिनमा समाप्त हुने कुरा असामान्य होइन। अर्को तर्फ, धेरै प्रमाणहरू समावेश हुने जटिल मुद्दा धेरै हप्तासम्म रहनसक्छ। लामो मुद्दाहरू केही हिसाबले कम्ती हुन्छन्, र जूरी सदस्यहरूलाई छनौट गरिनुभन्दा पहिले अपेक्षा गरिएको समय अवधिको बारेमा जानकारी दिइन्छ। हरेक दिनको अन्त्यमा, जूरी-सदस्यहरूलाई आफ्नो घर फर्किन छूट दिइन्छ, र मुद्दा सकिएको छैन भने तिनीहरू अर्को दिन अदालतमा फर्कनुपर्छ। केही विरलै मुद्दाहरूमा, यदि जूरी सदस्यहरूलाई बाहिरको मानिसहरूले मुद्दाको विषयमा सम्पर्क गर्नु खतरापूर्ण हुन्छ भन्ने न्यायाधीशले ठान्छ भने, मुद्दा अघि बढिरहेको अवस्थामा जूरी-सदस्यलाई अरूबाट *टाढा गरिन्छ।* यो सामान्यतया उच्च-दर्जाको मुद्दाहरू र मृत्यु दण्ड पाउने अवस्थाको मुख्य हत्या अभियोगहरूमा यो हुँदछ।

## म जूरी सेवामा उपस्थित हुँदा के हुन्छ?

जब तपाईं अदालतमा पुग्नुहुन्छ, तपाईंलाई कुनै अदालत कोठामा वा सभा क्षेत्रमा लगिन्छ। केही अदालतहरूले प्रणालीलाई बुझ्न सहायता गर्नको निम्ति छोटो अभिमुखीकरण कुराकानी वा भिडियो प्रदान गर्छ। जूरी छनौट प्रक्रियाको अवधिमा, सबै जूरी सदस्यहरूले शपथ खान्छन् वा साँचो रूपमा उत्तर दिने र न्यायधीश र वकीलहरूले सोध्ने प्रश्नहरूलाई पूर्ण रूपमा उत्तर दिन सहमत गर्छन्।

प्रश्न गर्नुको उद्देश्य भनेको प्रयास गरिने मुद्दामा न्यायसंगत र निष्पक्ष हुनको निम्ति जूरी-सदस्यलाई समस्या पर्ने कुनै कारण हुनसक्छ कि भनेर पत्ता लगाउनु हो। सहभागी हुनसक्ने जूरी-सदस्यको रूपमा तपाईंलाई सम्बन्धित पक्षहरू, मुद्दाको वकीललाई परिचित गराइन्छ र सम्भाविद प्रमाणहरूको सूची प्रदान गरिन्छ। यी व्यक्तिहरूमध्ये कसैसँग तपाईंको केही सम्बन्ध छ भने, मुद्दालाई निष्पक्ष रूपमा लिन तपाईंलाई गाह्रो हुनसक्छ, र त्यो मुद्दाबाट तपाईंलाई छूट दिइने सम्भावना हुन्छ।

कुनै विगतको अनुभव वा पक्षपातको कारण तपाईंलाई न्यायसंगत हुन गाह्रो बनाउछ कि त्यसलाई निर्धारण गर्नको निम्ति तपाईंलाई मुद्दाको बारेमा केही विवरण बताइन्छ। स्वास्थ्य समस्या, रोजगारको अवस्था र अन्य दायित्वहरू लगायत जूरी-सदस्यको रूपमा बस्न सक्ने तपाईंको क्षमतामा प्रभाव पार्ने जेसुकैको बारेमा तपाईंले अदालतलाई बताउने अवसर हुन्छ। तपाईंले चाहेको खण्डमा तपाईंले न्यायधीश र वकीलहरूले सोधेको प्रश्नको उत्तर गोपनीयता पूर्वक दिन सक्नुहुन्छ। अवश्य नै, तपाईंले सत्य कुरा बताउनै पर्छ।

सामान्यतया, केही सीमित संख्यामा जूरी-सदस्यहरूलाई  कुनै कारण नदिई छूट दिन अनुरोध गरिने अधिकार हरेक मुद्दाको प्रत्येक पक्षसँग हुँदछ (*अनुपेक्षणीय चुनौती* भनिन्छ)। हरेक पक्षले असल कारणका निम्ति असीमित चुनौती अघि सार्न सक्छ (*तर्कको निम्ति चुनौतीहरू*)। जब वकीलहरूले यी *चुनौतीहरू* अघि सार्छन्, तिनीहरूको उद्देश्य भनेको जूरी-सदस्यहरूलाई लाजमा पार्नु *होइन*, तर छनौट गरिएको जूरी-सदस्यहरूले आफ्ना उपभोक्ताहरूका निम्ति सकेसम्म न्यायसंगत ढंगले मुद्दा मुल्याङ्कन गर्नेछन् भन्ने कुरालाई सुनिश्चत गर्नु हो।

## के मैले जूरी-सेवाको निम्ति उजुरी दिएर, जूरीमा नबस्न सक्छु?

सक्नुहुन्छ। मुद्दामा संलग्न पक्षहरूले सामान्यतया तिनीहरूको समस्यालाई हल गर्ने प्रयास गर्छन् र मुद्दाको समय र खर्चलाई कम गर्ने प्रयास गर्छन्। कहिलेकहीं मुद्दाको छलफल सुरुहुनुभन्दा एक मिनेट पहिले मुद्दा समाधान हुन्छ। धेरै जसो मुद्दाहरू हरेक दिनको निम्ति समय मिलाइएको हुन्छ, तैपनि तिनमध्ये केही वास्तवमा मुद्दाको छलफलमा नै जाँदैनन्, त्यसैले तिनको निम्ति जूरी-सदस्यहरू आवश्यक पर्दैन। तैपनि सेवाको निम्ति पर्खि बसेको तपाईंको समय बर्बाद भएको हुँदैन; तपाईंको उपस्थितिले समाधानको निम्ति उत्साह दिनसक्छ।

**जूरी-सदस्यहरूले के-कस्ता नियम पालना गर्नुपर्छ?**

जूरीलाई छनौट गरिसकेपछि, जूरी-सदस्यहरू उभिएर शपथ खानु पर्छ अथवा तिनीहरूले यी कुरालाई स्वीकार गर्नुपर्छ: १) तिनीहरूलाई छनौट गरिएको मुद्दाको निम्ति "असल र साँचो" तरिकाले प्रयास गर्न; कुनै कुराको विषयमा निर्णय गर्नुभन्दा पहिले सबै सबूत-प्रमाणलाई सुन्ने; र फैसलासम्म लागू हुने सम्पूर्ण कानून र प्रक्रियाहरूका विषयमा न्यायधीशले दिएको निर्देशनहरूलाई पालन गर्न। जूरीले प्रमाणद्वारा तथ्य निर्णय गर्दछ र न्यायधीशले कानूनको विषयमा निर्देश गर्दछ।

मुद्दाको अवधिभरि जूरी-सदस्यहरूले ध्यान दिनुपर्छ र हरेक साक्षीको विश्वसनीयतालाई निर्धारण गर्न सक्दो प्रयास गर्नुपर्छ। सम्पूर्ण सबूत-प्रमाण पेश गरिनसकुन्जेल, वकीलले तिनीहरूको अन्तिम तर्क उल्लेख नगरेसम्म र मुद्दामा लागू हुने कानूनको विषयमा न्यायधीशले जूरी-सदस्यहरूलाई निर्देशन नदिएसम्म जूरी-सदस्यहरूले एक-आपसमा अथवा कसैसँग मुद्दाको विषयमा छलफल गर्ने अनुमति हुँदैन। जूरी-सदस्यहरूले मुद्दामा रहेको विषयहरूलाई व्यक्तिगतरूपमा निरिक्षण गर्न सक्दैनन्, र तिनीहरूलाई जूरी कोठामा नपुऱ्याइन्जेलसम्म र फैसलामा नपुगेसम्म मुद्दाको विषयमा अदालत कोठाबाहिर कसैसँग पनि छलफल गर्न सक्नेछैनन्। यो प्रतिवन्धले मुद्दा वा विषयहरूको जानकारी लिने र मुद्दाको विषयमा कसैसँग सञ्चार गर्ने कुनैपनि विद्युतिय प्रविधिलाई पनि समावेश गर्दछ। फैसला भएपछि, जूरी-सदस्यहरूले चाहेको खण्डमा उनीहरूले मुद्दाको बारेमा छलफल गर्ने अनुमति हुन्छ।

**जूरीले कसरी मुद्दाको निर्णय गर्छ?**

वकीलहरूले तिनीहरूका सबूत-प्रमाणलाई पेश गरेर, तिनीहरूको तर्कलाई समाप्त गरिसकेपछि, न्यायाधीशले जूरी-सदस्यहरूलाई मुद्दामा लागू हुने कानूनहरूका बारेमा निर्देशन दिन्छ। जूरी-सदस्यहरूले आफूले इच्छा अनुसार होइन तर कानूनको आधारमा निर्णय गर्नुपर्छ।

केही मुद्दाहरूमा, न्यायाधीशले जूरी-सदस्यहरूलाई मुद्दाको समयमा नोट लेख्न अनुमति दिनसक्छ। मुद्दा समाप्त भएपछि अदालतले यी नोटहरूलाई बटुलेर नष्ट गर्छ। निष्पक्षतालाई सुनिश्चितता गर्नको निम्ति केही न्यायाधीशहरूले जूरी-सदस्यहरूलाई मुद्दाको अवधिमा विशेष प्रक्रिया अन्तर्गत प्रश्न गर्न पनि अनुमति दिन्छ। कम अवस्थाहरूमा, जूरी सदस्यहरू घटना घटेको स्थानमा जान सक्छन्।

न्यायधीशको निर्देशनलाई पालन गर्दै, मुद्दालाई बुझ्नको निम्ति जूरी अदालत कोठामा जाँदछ र फैसलामा पुग्दछ। जूरीले पहिले पूर्वप्रतिनिधीलाई छनौट गर्दछ, जसले छलफलहरू तर्कसंगत र ठीक तरिकाले हुने, सम्पूर्ण विषयहरू पूर्ण रूपमा र उचीत तरिकाले छलफल गरियो, र हरेक जूरी-सदस्यले सहयभागी हुने मौका प्राप्त गरे

भन्ने कुरालाई सुनिश्चति गर्दछ। छलफलको बेला जूरी-सदस्यहरूसँग कुनै प्रश्न भए तिनलाई लेखेर न्यायाधीशले तिनको समाधान गरून् भनेर कानूनी अधिकारीलाई अनुरोध गर्दछ।

जब जूरी-अधिकारीहरू फैसलामा पुग्दछ, उनीहरूले फैसलामा सहमती जनाउँछ र फैसला फारममा हस्ताक्षर गरी कानुनी अधिकारीलाई सूचित गर्दछ। फैसलालाई खुला अदालतमा पढिन्छ र न्यायधीशले जूरी-सदस्यहरूलाई बिदा गर्छ।

## फैसलामा कति जूरी-सदस्यले सहमती जनाउनुपर्छ?

फैसलामा कति जना जूरी-अधिकारीले सहमती जनाउनु पर्छ सो कुरा मुद्दाको प्रकारले निर्धारण गर्दछ।

नागरिक मुद्दा भनेको सामान्यतया दुई वा दुईभन्दा बढी व्यक्ति तथा कम्पनीहरूबीच भएको रकम, सम्पत्ती वा अर्थ वा कागजातको शक्ति वा नियमको विषय सम्बन्धी विवाद हो। उजुरी दिने पक्षलाई वादी भनिन्छ। मुद्दामा अभियोग लगाइएको पक्षलाई प्रतिवादी भनिन्छ। रकम सम्बन्धी नागरिक मुद्दामा, *प्रतिवादी* जिम्मेवार छ कि छैन, र, यदि छ भने *दाबी* गरिएको नोक्सानीको निम्ति वादीलाई कति तिर्नुपर्छ भन्ने विषयमा जूरी-सदस्यहरूले निर्णय गर्नैपर्छ। नागरिक मुद्दाहरूमा, फैसलामा छ जना जूरी-सदस्यहरू (आठ जूरी-सदस्यमा चार भागको तीन भाग) ले सहमती जनाउनै पर्छ। केही मुद्दाहरूमा, जूरीले निश्चित प्रश्नहरूको उत्तर दिनुपर्ने आवश्यकता हुनसक्छ।

आपराधिक मुद्दामा, अपराध गरेको आरोप लाग्ने व्यक्ति *प्रतिवादी* हुन्छ (कानूनको उल्लङ्घन गरेको अपराध, जसमा सजाय समावेश हुन्छ)। अपराधहरूलाई मानिसहरू विरुद्द गरिएको क्रियाकलापको रूपमा लिइन्छ; किनभने कानूनलाई कानूनी रूपमा लागू गर्ने जिम्मेवारी सरकारको हुन्छ, यी मुद्दाहरूलाई सरकारले सामान्यतया राज्य, सहर, प्रान्त, गाउँ आदिको विरुद्दमा *वादी* बनाई मुद्दा चलाउँदछ। गम्भीर अपराधको मुद्दामा, आरोपित व्यक्ति दोषी हो कि होइन भन्ने कुराको निर्धारण १२ जूरी-सदस्यहरूद्वारा गरिनै पर्छ, र फैसला सर्वसम्मत हुनैपर्छ। आपराधिक दुराचारको मुद्दामा आरोपित व्यक्ति दोषी हो कि निर्दोष हो भन्ने कुराको निर्धारण आठ जूरी-सदस्यहरूले गर्छन्।

## जूरीमा सेवा गरेवापत हुने फाइदाहरू के-के हुन्?

जूरी कार्यको निम्ति मानिसहरू आशंकित हुनसक्छ र तिनीहरूको समय बर्बाद हुनेछ वा अनुभव नकरात्मक र पक्षपातपूर्ण हुनेछ भनी डर मान्नसक्छन्।

तैपनि, धेरै जसो जूरी-सदस्यहरूले अनुभव सकरात्मक रहेको पाएका छन्। जूरी-सदस्यहरूले कानूनी प्रणाली साथै मुद्दाको विशेष विषयको बारेमा सिक्छन्। तिनीहरूको सेवा अवधिमा अरूसँग भेटघाट गर्छन् र नयाँ साथी पनि बनाउन सक्छन्। आफूले हाम्रो न्याय प्रणालीमा योगदान दिएका छन्, जुन न्याय प्रणाली तिनीहरूविना चल्न सक्दैन भन्ने कुरा जानेर तिनीहरू सन्तुष्ट हुन्छन्।

अदालतका अधिकारीहरू जूरी-सदस्यहरूलाई शिष्टता पूर्वक र व्यवसायिक रूपमा व्यवहार गर्नमा होसियार हुन्छन्। न्यायसंगत र निष्पक्ष जूरी-सदस्यहरूविना अदालतका अघि हुनेहरूका निम्ति न्यायसंगत र निष्पक्ष नतिजा हुनेथिएन भन्ने कुरा तिनीहरूलाई थाहा हुन्छ। सम्पूर्ण समुदायको निम्ति जूरी सेवाको फाइदाहरू धेरै वृहत छन्।

**म अपाङ्ग छु। यदि मलाई जूरी-सेवाको निम्ति बोलाईयो भने, वसोवासको व्यवस्था गरिनेछ?**

तपाईंलाई जूरी सेवा प्रदान गर्न सक्षम गर्न अदालतले तपाईंसँग काम गर्नेछ। तपाईंलाई बोलाउने अदालतलाई तपाईंको आवश्यकताको बारेमा छलफल गर्न सम्पर्क गरनुहोस्।

*३/१७/२०१४*

*© मार्च २०१४ ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)*

लफ्याक्ट पम्प्लेट सेरिज (LawFacts Pamphlet Series)

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)

PO Box 16562

Columbus, OH  43216-6562

(800) 282-6556 or (614) 487-2050

www.ohiobar.org

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Foundation) द्वारा अनुदान

लफ्याक्ट सार्वजानिक जानकारी पुस्तिकाको यो एउटा श्रृंखला हो। अरू, ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association) लाई लिखित रूपमा माग गरी तपाईंको वकिलको कार्यलयमार्फत अथवा www.ohiobar.org बाट प्रापत्त गर्न सक्नुहुन्छ।

*यो पुस्तिकामा समावेश गरिएका जानकारी सामान्य छन्, र पहिले तपाईंको वकीलसँग परामर्श नलिई यसलाई कुनै विशेष कानूनी समस्यामा लागु गरिनु हुँदैन।*

यस कानुनी सत्यता पर्चा श्रृंखलाले उपोभाक्ताहरुको लागि धरैजसो आइपर्न कानुनी बिषयमा सामान्य जानकारी प्रदान गर्दछ .

केहि कानुनी सत्यता पम्प्लेट्सहरु एशियन सेर्विचेसले अंग्रेजीदेखि विविन्न एशियाली भाषामा, ओहायो राज्य बार फाउनदेशनको आर्थिक सयोगमा अनुवाद गरिएको छ . एसियन सेर्विचेस इन एक्शन, इनक., ओहायो राज्य अफ बार एसोसीएसनसंग सहयोगी, सहायक, वा सम्बन्धित, व्यक्ति वा संस्था होइन . ओहायो राज्य बार एसोसिएसनले अनुवादको शुद्धता या पूर्णता को रूपमा कुनै प्रतिनिधित्व वा वारंटी गरको छैन . कृपया अनुवाद प्रक्रिया कानुनी अर्थ सटीकता प्रभावित हुन सक्छ भन्ने कुरामा सचेत हुनुहोस . यस कानुनी सत्यता पर्चा श्रृंखलाको इरादा विशिष्ट परिस्थितिमा कानुनी सल्लाहको विकल्प होइन . कानुनी सल्लाह लागि, तपाईं सधैं आफ्नो विशेष स्थिति र क्षेत्राधिकार लागू हुन्छ भनेर व्यवस्थाको ज्ञान भएको वकीलसंग परामर्श गर्नुपर्छ ।

With the permission of Ohio State Bar Association, the translation of this Brochure was completed by Asian Services In Action, Inc., which was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.